मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २१९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ भदौं ८ गते सोमबार ❑ 24 Aug. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## प्रधानमन्त्रीको भ्रमणले मुस्ताङवासी उत्साहित

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ७ भदौं

प्रधानमन्त्री वालेन्द्र शाहको भ्रमणले मुस्ताङवासी उत्साहित भएका छन् ।

उहाँको मुस्ताङ भ्रमणले यहाँको चर्चा चुलिएको छ । यसअघि तत्कालिन प्रधानमन्त्री सुशीला कार्की पनि मुस्ताङ आउनु भएको थियो । तर उहाँ काठमाडौँबाट पोखरा हुँदै नेपाली सेनाको हेलिकप्टरबाट सिधै मुक्तिनाथ क्षेत्र आउनुभएको थियो ।

प्रधानमन्त्री शाह भने बर्खायामको मौसममा समेत बेनी-जोमसोम सडकखण्डको सास्ती व्यहोर्दै आफैँले सवारीसाधन हाँकेर शनिबार मुस्ताङको जोमसोम आइपुग्नुभएको थियो । सोही दिन साँझ प्रधानमन्त्री शाहले मुक्तिनाथको दर्शन गरी जोमसोममा बास बस्नुभयो । प्रधानमन्त्री शाह आज मुस्ताङबाट काठमाडौँतर्फ प्रस्थान गर्नुभयो ।

प्रधानमन्त्री शाहको मुस्ताङ भ्रमणबाट यहाँको पर्यटन क्षेत्रमा ठूलो उभार आउने अपेक्षा गरिएको छ। मुस्ताङ उद्योग वाणिज्य सङ्घका अध्यक्ष राजुप्रसाद लालचनले प्रधानमन्त्री शाहको मुस्ताङ आगमनले यस क्षेत्रको पर्यटन क्षेत्रमा ठूलो टेवा पुग्ने बताउनुभयो । "प्रधानमन्त्री जहाँ जानु हुन्छ, त्यसक्षेत्रको पर्यटन क्षेत्रको चर्चा निकै चुलिएको छ", उहाँले भन्नुभयो, "उहाँको मुक्तिनाथ दर्शनसहितको मुस्ताङ भ्रमणले यहाँको धार्मिक पर्यटन क्षेत्रलाई थप चलायमान बनाएको छ ।" प्रधानमन्त्री शाहले मुक्तिनाथको दर्शन गरेर पवित्र धार्मिकस्थल मुक्तिनाथको धार्मिक आस्था, विश्वास र गरिमालाई राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरसम्म सन्देश प्रवाह गर्नुभएको अध्यक्ष लालचनले बताउनुभयो ।

प्रधानमन्त्रीको पहिलो स्वदेश भ्रमण मुस्ताङबाटै सुरु भएको र त्यो पनि सडकमार्गबाटै भएकाले सडक पूर्वाधार विकासतर्फ पनि उहाँको ध्यान जानेमा आफू आशावादी बनेको उहाँले उल्लेख गर्नुभयो । "राष्ट्रिय गौरवको बेनी-जोमसोम सडकमार्ग अस्तव्यस्त छ, प्रधानमन्त्रीले यसको प्रत्यक्ष अनुभव गर्नुभयो", अध्यक्ष लालचनले भन्नुभयो, "बेनी-जोमसोम सडकको स्तरोन्नति आवश्यक छ, यहाँ संसारभरीका नागरिक घुम्न आउँछन् ।" अध्यक्ष लालचनले कोरला नाका हुँदै तिब्बतको कैलाश मानसरोवर धार्मिक तीर्थाटनका लागि सो नाकामा अध्यागमन कार्यालयलाई सक्रिय बनाएर राहदानीको समेत सुविधा हुनसके मुस्ताङको पर्यटन क्षेत्रमा कायापलट हुने बताउनुभयो ।

उपल्लो मुस्ताङ जाने विदेशी पर्यटकका लागि पनि नेपाली नागरिक जस्तै अर्थनिषेधित क्षेत्रलाई फुकुवा गर्न सकेमा भारत, नेपाल र चीनबीच त्रिदेशीय पर्यटनमार्ग थप सहज हुने अध्यक्ष लालचनको भनाइ छ ।

प्रधानमन्त्री शाहको भ्रमणले मुस्ताङको पर्यटन क्षेत्रले थप फड्को मार्ने मुक्तिनाथ होटल एशोसियसनका अध्यक्ष सुरज गुरुङले उल्लेख गर्नुभयो । प्रधानमन्त्रीको मुस्ताङ भ्रमण हुन यहाँका पर्यटन व्यवसायीका लागि ठूलो अवसर भएको उहाँको भनाइ छ ।

प्रधानमन्त्री शाहबाट मुक्तिनाथको दर्शनले धार्मिक आस्था र यस क्षेत्रको महत्वलाई थप उजागर गर्न सफल भएको एशोसिएनका अध्यक्ष गुरुङले बताउनुभयो ।

मुस्ताङको पवित्र धार्मिक तीर्थस्थल मुक्तिनाथ मन्दिरमा सन् २०१८ को मे महिनामा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले दर्शन गर्नुभएको थियो । भारतीय प्रधानमन्त्री मोदीको उक्त भ्रमणपछि मुक्तिनाथ मन्दिरमा भारतीय दर्शनार्थीको सङ्ख्यामा उल्लेखनीय रुपमा वृद्धि भएको अध्यक्ष गुरुङले बताउनुभयो ।

भारतीय प्रधानमन्त्री मोदीपछि पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले पनि मुक्तिनाथ मन्दिरको दर्शन गर्नुभएको थियो । यसपटक प्रधानमन्त्री शाहको मुस्ताङ भ्रमण र मुक्तिनाथको दर्शनले यसक्षेत्रको धार्मिक पर्यटनका क्षेत्रमा नयाँ आयाम थपिने विश्वास गरिएको छ ।

## 'न्याय सम्पादनमा बार र बेञ्चको महत्वपूर्ण भूमिका हुन्छ'

**पोखरापत्र संवाददाता**
दमौली, ७ भदौं

प्रधानन्यायाधीश डा मनोजकुमार शर्माले न्याय सम्पादनमा बार र बेञ्चको महत्वपूर्ण भूमिका रहने बताउनुभएको छ ।

तनहुँ जिल्ला अदालत बार एकाइले आइतबार दमौलीमा आयोजना गरेको स्वागत कार्यक्रममा उहाँले बार र बेञ्चबीचको सहकार्यबाट मात्रै प्रभावकारी न्यायिक निरूपण सम्भव हुने बताउनुभयो । उहाँले न्यायिक सम्पादन सबैको साझा जिम्मेवारी भएकाले यसमा सबै पक्षको सक्रिय सहभागिता आवश्यक रहेको उल्लेख गर्नुभयो । न्याय सम्पादनलाई प्रभावकारी र जनमैत्री बनाउन न्यायालयसँग सम्बन्धित सबै पक्षबीच सहकार्य र समन्वय आवश्यक रहने उहाँले उल्लेख गर्नुभयो ।

प्रधानन्यायाधीश शर्माले न्यायालयप्रति नागरिकको विश्वास कायम राख्न न्याय सम्पादनको प्रक्रियालाई थप प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो । न्याय माग्न अदालत पुग्ने नागरिकले समयमै न्याय पाउने वातावरण निर्माण गर्नु न्याय क्षेत्रसँग सम्बन्धित सबैको साझा दायित्व भएको उहाँको भनाइ थियो ।

व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले न्यायालयप्रति नागरिकको विश्वास अझ बलियो बनाउन न्याय सम्पादनमा प्रभावकारिता र सहजता आवश्यक रहेको धारणा राख्नुभयो । वरिष्ठ अधिवक्ता कमलामोहन वाग्लेले न्यायपालिकाको गरिमा र स्वतन्त्रता कायम राख्न बार र बेञ्चबीच निरन्तर संवाद र सहकार्य हुनुपर्ने बताउनुभयो ।

## बदलिँदो परिस्थितिअनुसार एमाले रूपान्तरण हुनुपर्छः उपाध्यक्ष गुरुङ

**पोखरापत्र संवाददाता**
लमजुङ, ७ भदौं

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का केन्द्रीय उपाध्यक्ष पृथ्वीसुब्बा गुरुङले बदलिँदो राजनीतिक परिस्थितिअनुसार पार्टीको नीति, विचार, कार्यशैली र सङ्गठनलाई समयानुकूल रूपान्तरण गर्नुपर्ने बताउनुभएको छ ।

नेकपा (एमाले) जिल्ला कमिटी लमजुङको बेँसीसहर नगरपालिका-८ स्थित मदन-आश्रित स्मृति भवनमा आयोजित १३औँ बैठकलाई आज सम्बोधन गर्दै उपाध्यक्ष गुरुङले पार्टीलाई थप सुदृढ, प्रभावकारी र जनमुखी बनाउन नीति, विचार, कार्यशैली तथा सङ्गठनमा आवश्यक पुनःगठन गर्नुपर्ने बताउनुभयो । उहाँले पार्टी सङ्गठनलाई जनतासँग जोड्दै कार्यकर्तालाई सक्रिय, जिम्मेवार र प्रभावकारी ढङ्गले परिचालन गर्नुपर्नेमा जोड दिनुभयो ।

बदलिँदो राजनीतिक परिवेश र जनताको अपेक्षालाई सम्बोधन गर्न पार्टीले आफ्नो कार्यशैलीमा सुधार गर्दै अघि बढ्नुपर्ने बताउँदै उपाध्यक्ष गुरुङले पार्टीका गतिविधिलाई जनताका समस्या तथा आवश्यकतासँग जोडेर सञ्चालन गर्नुपर्ने धारणा राख्नुभयो । एमाले केन्द्रीय कमिटी सचिव खगराज अधिकारीले जनताको चाहना र अपेक्षाअनुसार पार्टी निर्माण गर्नुपर्ने बताउनुभयो । पार्टीभित्र भएका गल्ती तथा कमजोरीलाई स्वीकार गर्दै त्यसबाट पाठ सिकेर अघि बढ्नुको विकल्प नभएको उल्लेख गर्दै उहाँले विगतका कमजोरीको समीक्षा गरी पार्टीलाई जनमुखी, सुदृढ र प्रभावकारी बनाउनुपर्ने बताउनुभयो । उहाँले पार्टीका सबै तहका नेता तथा कार्यकर्ता जिम्मेवार भएर सङ्गठन सुदृढीकरणमा लाग्नुपर्नेमा जोड दिनुभयो ।

एमाले केन्द्रीय सदस्य एवं जिल्ला इन्चार्ज जमिन्द्रमान घले र गण्डकी प्रदेश कमिटी सचिव धनञ्जय दवाडीले पार्टी सङ्गठनलाई थप सुदृढ, व्यवस्थित र जनमुखी बनाउनुपर्ने बताउनुभयो । पार्टीका नीति तथा कार्यक्रमलाई जनस्तरसम्म प्रभावकारी रूपमा पुर्याउँदै सङ्गठनलाई चलायमान बनाउनुपर्ने उहाँहरूको भनाइ थियो ।

## पोखराको प्याराग्लाइडिङ् उडानमा भारी छुट, हाल दैनिक १५० उडान हुँदै

**पोखरापत्र संवाददाता**
पोखरा, ७ भदौं


पोखरामा केही महिनाअघिसम्म ८ हजारमा हुँदै आएको प्याराग्लाइडिङ उडानको मूल्य हाल ह्वात्तै घटेको छ ।

उडान व्यवस्थापनमा नेपाल हवाई खेलकुद संस्था (ना) को आलोपालो प्रणाली हटाएर उडान खुला गरिएपछि केही कम्पनी तथा पाइलटलाई तत्काल फाइदा पुगे पनि समग्र व्यवसायमा असर पर्नुका साथै उडान सुरक्षामा समेत जोखिम बढ्न सक्ने नाका अध्यक्ष अनिल केसीले बताउनु भयो । अध्यक्ष केसीका अनुसार करिब २१ महिनासम्म नाको आलोपालो प्रणालीमार्फत उडान सञ्चालन हुँदा दुर्घटनाको अवस्था न्यून थियो । तर पछिल्लो दुई महिनामै प्याराग्लाइडिङ उडानका क्रममा दुईवटा दुर्घटना भएका छन् । ती दुर्घटनामा एक चिनियाँ नागरिकसहित दुई विदेशी पर्यटक घाइते भएको नाले जनाएको छ। केसीले उडानको नियमन नाले गरिरहेको भए पनि हाल एउटै पाइलटले दिनमा दुईवटासम्म फ्लाइट गर्न पाउने अवस्था बनेपछि जोखिम बढेको बताउनुभयो । उहाँका अनुसार पर्यटकको चाप, मौसम तथा उडान समयलाई व्यवस्थित गर्दै पहिले सिफ्टिङ प्रणालीमा उडान सञ्चालन गरिन्थ्यो। अहिले खुला प्रतिस्पर्धाका कारण कतिपय अवस्थामा मौसम प्रतिकूल हुँदासमेत उडान गर्न खोज्ने, हतार गर्ने र बढी फ्लाइट गर्न खोज्ने प्रवृत्ति देखिएको अध्यक्ष केसीको भनाइ छ ।

"मूल्यमा भारी गिरावट आउनु र उडान खुला छाडिनुले केही कम्पनी तथा पाइलटलाई फाइदा पुगे पनि समग्र प्याराग्लाइडिङ व्यवसायमा असर परेको छ । आफैं उडाउने भए पनि मूल्य घटेपछि जोखिम लिएर उडान गर्न खोज्ने अवस्था आउन सक्छ," अध्यक्ष केसीले भन्नुभयो । हाल पोखरामा तोरीपानीबाट उडान भरी खपैदीमा अवतरण गर्ने गरिएको छ। नाले प्याराग्लाइडिङ उडानलाई व्यवस्थित गर्न विभिन्न आठवटा नियमनका आधारमा काम गर्दै आएको अध्यक्ष केसीले बताउनुभयो । त्यसअन्तर्गत उपकरणको जाँच, पाइलटको लाइसेन्स नवीकरण तथा सिफारिस, दैनिक उडानको नियमन लगायतका काम हुँदै आएका छन् । व्यवसायी उपसमितिमार्फत मौसम र पर्यटकको चापअनुसार पाइलटलाई सिफ्टिङ गरी तोरीपानीबाट टेकअफ गराउने गरिएको उहाँले बताउनुभयो । "पहिले मौसम र पर्यटकको चाप हेरेर सिफ्टिङ गर्ने व्यवस्था थियो । अहिले बिहान ११ बजेदेखि अपराह्न ४ बजेसम्म उडानको अनुमति दिइएपछि धेरै फ्लाइट गर्ने प्रतिस्पर्धा हुँदा जोखिम बढ्न सक्छ," केसीले भन्नुभयो ।

नाका अनुसार हाल पोखरामा ५३ वटा प्याराग्लाइडिङ कम्पनी नवीकरण भएका छन् भने सातवटा कम्पनी नवीकरण भएका छैनन् । करिब चार सय पाइलटले लाइसेन्स लिएका छन् । तीमध्ये करिब ६० जना पाइलट अहिले पेशाबाट निष्क्रिय रहेको र करिब एक सय ९० जना सक्रिय रूपमा उडानमा रहेको नाले जनाएको छ । यसै वर्ष २५ जना नयाँ पाइलट थपिएका छन् । अफसिजनमा अहिले दैनिक करिब एक सय ५० वटा प्याराग्लाइडिङ उडान हुने गरेको अध्यक्ष केसीले जानकारी दिनुभयो । एउटा उडानका लागि प्याराग्लाइडरसहितको उपकरण व्यवस्थापनमा मात्रै करिब रु. १ हजार ५ सय खर्च हुने उहाँले बताउनुभयो । यस्तो अवस्थामा उडानको मूल्यमा अस्वाभाविक रूपमा भारी गिरावट आउँदा व्यवसायीलाई आर्थिक रूपमा समेत समस्या पर्ने उहाँको भनाइ छ । पोखरामा प्याराग्लाइडिङलाई व्यवस्थित र सुरक्षित रूपमा सञ्चालन गर्न सके वर्ल्ड कप गर्ने सम्भावना समेत रहेको केसीले बताउनुभयो । पोखरामा यसअघि लगातार दुई वर्ष प्रि-वर्ल्ड कप आयोजना भइसकेको र सन् २०१७ मा एसियन च्याम्पियनसिप समेत आयोजना भएको स्मरण गर्दै उहाँले भविष्यमा विश्वकप आयोजना गर्ने सम्भावना बलियो रहेको दाबी गर्नुभयो ।

विश्वका उत्कृष्ट पाँच प्याराग्लाइडिङ गन्तव्यमध्ये पोखरा पर्ने विज्ञहरूको दाबी रहेको भन्दै अध्यक्ष केसीले यहाँको प्याराग्लाइडिङलाई कमजोर बनाउनेभन्दा अझ व्यवस्थित र सुरक्षित बनाउनुपर्नेमा जोड दिनुभयो । "पोखराको प्याराग्लाइडिङलाई डाइभर्ट गर्ने प्रयासमा केही तत्व लागेको छ, तर यो केवल व्यवसायीको विषय होइन, पोखराको पर्यटनसँग जोडिएको महत्वपूर्ण क्षेत्र हो," उहाँले भन्नुभयो । ना का अध्यक्ष केसीले मूल्यमा अस्वस्थ प्रतिस्पर्धा र नियमनबिनाको खुला उडानले तत्काल केहीलाई फाइदा पुगे पनि दीर्घकालीन रूपमा पाइलट, कम्पनी, पर्यटक र समग्र पर्यटन क्षेत्रलाई नै असर पार्न सक्ने भन्दै उडानलाई पुनः व्यवस्थित प्रणालीमा सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याउनुभएको छ ।




## मुख्यमन्त्री थापाका पक्षमा मतदान नगर्न कांग्रेसको 'ह्विप'

**रासस**
काठमाडौं, ७ भदौं

नेपाली कांग्रेस बागमती प्रदेशसभा संसदीय दलले मुख्यमन्त्री किरण थापाका पक्षमा मतदान नगर्न ह्विप जारी गरेको छ।

मुख्यमन्त्री थापाले सोमबार प्रदेशसभामा प्रस्तुत गर्ने विश्वासको मतसम्बन्धी प्रस्तावको विपक्षमा मतदान गर्न नेपाली कांग्रेसले आफ्ना सांसदलाई ह्विप जारी गरेको हो । कांग्रेस बागमती प्रदेशसभा संसदीय दलका प्रमुख सचेतक पुकार महर्जनले जारी गरेको ह्विपमा प्रदेशसभाको बैठकमा अनिवार्य उपस्थित हुन, तटस्थ नरहन र मुख्यमन्त्री थापाले प्रस्तुत गर्ने विश्वासको मतसम्बन्धी प्रस्तावको विपक्षमा मतदान गर्न प्रदेशसभा सदस्यलाई निर्देशन दिइएको छ। नेपालको संविधानको धारा १६८ को उपधारा (४) तथा बागमती प्रदेशसभा नियमावली, २०७४ को नियम १४३ बमोजिम मुख्यमन्त्री थापाले प्रदेशसभामा विश्वासको मतसम्बन्धी प्रस्ताव पेस गर्ने कार्यसूची रहेकाले कांग्रेसले आफ्ना सदस्यलाई सोहीअनुसार मतदान गर्न ह्विप जारी गरेको हो ।

# स्याङ्जामा पूर्वाधारका ६१ योजना निर्माण

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ७ भदौं

पूर्वाधार विकास कार्यालय स्याङ्जाले आर्थिक वर्ष २०८२/८३ मा कुल १२१ योजनामध्ये ६१ योजनामात्रै निर्माण सम्पन्न गरेको छ । प्रदेश सरकारका ११६ र संघीय सरकारतर्फका पाँच गरी १२१ योजनामध्ये ६१ वटा योजनाको निर्माण गरेको हो ।

कुल योजनामध्ये ५३ वटा योजना निर्माणाधीन अवस्थामा रहेका छन् भने ७ वटा योजनाको काम सुरु हुन नसकेको कार्यालयले जनाएको छ । निर्माण भएका ६१ योजनामध्ये ठूला पूर्वाधारतर्फ ६ वटा सडक पुल निर्माण गर्ने लक्ष्य राखेकोमा चार वटा मात्रै निर्माण भएको कार्यालयले जनाएको छ ।

बिरुवा गाउँपालिकामा दुई, गल्याङ नगरपालिकामा एक र फेदीखोला गाउँपालिकामा एक गरी चार वटा सडक पुल निर्माण भएको छ । कार्यालयका प्रमुख इन्जिनियर गुरुदत्त अधिकारीका अनुसार बिरुवाको राक्सेघाट चार करोड ९२ लाख ७१ हजार रुपैयाँ र गैरीघाट पाँच करोड ५१ लाख ७५ हजार रुपैयाँ लागतमा पुल निर्माण भएका छन् ।

त्यस्तै गल्याङ नगरपालिकाको रातोपुल पाँच करोड ४६ लाख १४ हजार रुपैयाँ तथा फेदीखोला गाउँपालिकाको खत्रीरहस्थित तिलस्वाँरा पुल तीन करोड १९ लाख ९४ हजार रुपैयाँ लागतमा निर्माण भएको अधिकारीले जानकारी दिए । सडक पुलतर्फको दुईमध्ये पुतलीबजार नगरपालिका-३ स्थित सिंहाले पुलको काम ५० प्रतिशत सकिएको छ । सिंहाले पुल चार करोड ५२ लाख ६८ हजार रुपैयाँ लागतमा निर्माण भइरहेको कार्यालयले जनाएको छ । त्यस्तै फेदीखोला गाउँपालिकामा चार करोड ९४ लाख ६३ हजार रुपैयाँ लागतमा निर्माण भइरहेको सेतीखोला पुलको हालसम्म ४० प्रतिशत काम सकिएको छ ।

त्यसैगरी सडक पुलसँगै जिल्लाका विभिन्न स्थानमा कार्यालयले झोलुङ्गे पुल निर्माण गरेको छ । पुतलीबजार नगरपालिकाको नारायणस्थान-मुजवा, चापाकोट नगरपालिकाको बर्कानटार-कसेनी, भीरकोट नगरपालिकाको चराङ-साउँदी र हरिनास गाउँपालिकाको ललही-बलाम्दी जोड्ने झोलुङ्गे पुल झण्डै एक करोड ४० लाख रुपैयाँमा निर्माण भएको कार्यालयले जनाएको छ ।

कार्यालयले गएकै आर्थिक वर्ष २०८२/८३ मा सडक निर्माणतर्फ ९.५ किलोमिटर सडक कालोपत्रे गरेको छ भने ७.७ किलोमिटर सडक ढलान गरेको जनाएको छ । पाँच किलोमिटर सडक ग्राभेल गरेको कार्यालयले १.२५ किलोमिटर नयाँ कच्ची सडक निर्माण गरिएको छ । सडक पूर्वाधारअन्तर्गत ३०.३ किलोमिटर नाला निर्माण गरिएको छ भने १०९ वटा कल्भर्ट तथा ह्युम पाइप जडान गरिएको छ ।

निर्माण हुन नसकेका ठूला योजनामा गल्याङ् नगरपालिकाको कटुवाथर-निबुवाखर्क जोड्ने झोलुङ्गे पुल एक करोड, भीरकोट-मोहनडाँडा सडक ५० लाख रुपैयाँ, बीपी स्मृति सडक ५० लाख रुपैयाँको रहेको छ भने गल्याङ-चापाकोट सडक मर्मततर्फको २५ लाख, झोलुङ्गे पुल मर्मतमा ५० लाख तथा जनता आवास कार्यक्रमतर्फ पाँच लाख रुपैयाँ बजेट विनियोजन हुँदासमेत योजना कार्यान्वयनमा लैजान नसकेको इन्जिनियर पोषराज पौडेलले बताए ।

कार्यान्वयनमा गएका केहि योजना निर्माण भए पनि पुल निर्माण, सडक स्तरोन्नति तथा पहुँच विस्तार पूर्वाधारका केही योजना अझै अधुरै रहेका छन् । योजना निर्माणको जिम्मा लिएका र निर्माणमा ढिलाइ भएका बलमाटा सडक आयोजनाको ५६ लाख रुपैयाँ र ज्यामिरे-कोल्मा सडक आयोजनाको एक करोड ६० लाख रुपैयाँ धरौटी जफत गरिएको कार्यालयले जनाएको छ ।

# श्रवणकुमार जेष्ठ नागरिक केन्द्रले असोजको दोस्रो साता सेवा सुरु गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, ७ भदौं




जेष्ठ नागरिकहरुको सुरक्षा र सम्मानजनक सामाजिक सहभागिताका लागि पोखरामा स्थानीय व्यक्ति एवं संघ संस्था नै सक्रिय भएका छन् ।

स्थानीयले उनीहरुको अनुभव सामाजिक विकासमा लगाउनुको साथै सेवा भावको उद्धेश्यलाई पुरा गर्न पोखराको बाटुलेचौरस्थित कोलगैरामा श्रवणकुमार जेष्ठ नागरिक दिवा सेवा केन्द्र नै स्थापना गरेका छन् । सो केन्द्रले आगामी असोजको दोस्रो सातामा सेवा संचालन गर्ने गरी तयारी तिब्र बनाएको जनाएको छ । स्थानीय व्यक्ति, संघ संस्था र प्रदेश तथा महानगरको सहयोगमा भोतिक निर्माण सम्पन्न गरेको केन्द्रले आगामी असोज १४ गते अर्न्तराष्ट्रिय जेष्ठ नागरिक दिवसको अवसर पारेर सेवा संचालन गर्न लागेको अध्यक्ष दानबहादुर बानियाँले जानकारी दिए । उनीहरुको सम्मान, सुरक्षा, स्वास्थ्य सेवा तथा सामाजिक सहभागितामा संलग्न गराई ज्येष्ठ नागरिकहरूलाई घरजस्तै वातावरण प्रदान गर्ने लक्ष्यका साथ सेवा संचालन गर्न लागिएको उनले बताए । बिहान १० बजेदेखि अपरान्ह ५ बजेसम्म उनीहरुलाई केन्द्रमा राखिने र दिनभरि भेटघाट, मनोरञ्जन, स्वास्थ्य परामर्श तथा सामाजिक गतिविधिमा सहभागी गराईने अध्यक्ष बानियाँले बताए । उनले भने "केन्द्रमा राती बस्ने सेवा छैन, दिनभर यहाँ रहेका जेष्ठ नागरिकलाई घर जस्तै पारिवारिक बाताबरण उपलब्ध गराईन्छ ।" उनका अनुसार केन्द्रमा जोसुकै जेष्ठ नागरिकले पनि सेवा लिन सक्नेछन् । केन्द्रलाई दिगो रुपमा संचालनका लागि बिभिन्न व्यक्ति, संघ संस्था, व्यवसायिक प्रतिष्ठान र स्थानीय क्लब, आमा समुहसँग सामुहिक छलफल र समन्वय भईरहेको छ ।केन्द्रले दुई प्रकारको सदस्यतासमेत जारी गरेको छ । साधारण सदस्यका लागि बार्षिक शुल्क तोकिएको छ भने आजिवन सदस्यका लागि १० हजार शुल्क तोकिएको जनाईएको छ ।

केन्द्र सञ्चालनको नियमित खर्च चुनौतीपूर्ण भए पनि समितिले दीर्घकालीन योजना बनाएको जनाएको छा यहाँ आश्रय लिने ज्येष्ठ नागरिकको औषधोपचार, हेरचाह, कर्मचारी तलब तथा अन्य व्यवस्थापनका लागि स्रोत जुटाउन थप छलफल र समन्वय भईरहेको समेत अध्यक्ष बानियाँको भनाइ छातत्कालका लागि केन्द्र संचालन स्वरुप भवन निर्माण सम्पन्न भएपनि गुरु योजना अनुरुपका कार्य बाँकी नै रहेको निर्माण समितिका संयोजक चित्रबहादुर थापाले जानकारी दिए । करिब ४ करोडको गुरुयोजना भएपनि हाल करिब २ करोड ४० लाखको निर्माण कार्य सम्पन्न भएको उनले बताए । आर्थिक स्रोत जुट्ने वित्तिकै बाँकी कामलाई निरन्तरता दिईने संयोजक थापाको भनाई छ । अझै पनि पर्खाल निर्माण, हरियाली बगैंचा, सडक निर्माण र रेलिङको काम बाँकी नै रहेको छ । केन्द्रका सहसचिव सोभित थापाले शान्त र हरियाली बाताबरणका कारण पनि यस क्षेत्र जेष्ठ नागरिकका लागि उपयुक्त रहेको बताए । केन्द्रका प्रचार संयोजक शिवराज देवकोटाले बिभिन्न समुहसँग भएका छलफलले केन्द्र संचालनमा सहजता आउने बताए। उनले पछिल्ला दिनमा केन्द्र संचालनका बिषयमा त्यस क्षेत्रका आमा समुह, सामाजिक व्यक्तित्व तथा बिभिन्न संघ संस्थामा आवद्ध व्यक्ति एवं उद्योगी व्यवसायीसँग छलफल भएको जानकारी दिए । केन्द्रले आइतबार बिहान गरेको छलफलमा पत्रकार यदुनाथ बञ्जरा, प्रकाश अधिकारी, शिशिर पौडेल र संजय थापाले केन्द्रको दिगो संचालनका लागि बिभिन्न सुझाव दिएका छन् । उनीहरुले आर्थिक पारदर्शितामा जोड दिदैं सदस्यता शुल्क, उद्योगी-व्यवसायीहरूको सहयोग, आर्थिक रूपमा सक्षम व्यक्तिहरूको योगदान, सामाजिक व्यक्तित्व, बैंकिङ क्षेत्रका व्यक्तिहरूको सहयोग, क्यालेन्डर प्रकाशन, देउँसी-भैलो लगायतका कार्यक्रम मार्फत कोष संकलन गर्न सुझाव दिए । केन्द्रको निर्माण कार्य २०७७ सालमा पोखरा महानगरपालिकाबाट प्राप्त करिब ११ लाख रुपैयाँको बजेटबाट सुरु भएको थियो। केन्द्रको उद्धाटन गत २०८२ जेठ २४ गते गण्डकी प्रदेशका तत्कालीन मन्त्री विन्दुकुमार थापाले गरेका थिए ।

# विद्यालयका लेखापाललाई लेखा प्रणाली र नयाँ करसम्बन्धी अभिमुखीकरण

**पोखरापत्र संवाददाता**
पोखरा, ७ भदौं



डाइनामिक टेक्नोसफ्ट प्रा.लि.को आयोजना तथा नेशनल प्याब्सन कास्कीको व्यवस्थापनमा विद्यालयका लेखापालहरूका लागि लेखा प्रणाली तथा नयाँ करसम्बन्धी एकदिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।

नेशनल प्याब्सन कास्कीमा आवद्ध विद्यालयको लेखा प्रणालीलाई व्यवस्थित बनाउने उद्देश्यले यो कार्यक्रमको आयोजना गरिएको हो । कार्यक्रममा नेशनल प्याब्सन कास्कीमा आवद्ध विद्यालयका संस्थापक, प्राचार्य तथा लेखापालको सहभागिता रहेको नेशनल प्याब्सन कास्कीका सचिव प्रेमराज अधिकारीले जानकारी दिए ।

कार्यक्रममा वरिष्ठ सीए पदम बन्धु पोखरेल, डाइनामिक टेक्नोसफ्ट प्रा.लि.का म्यानेजर दुर्गाप्रसाद अधिकारी तथा प्रतिक पौडेलले सहजीकरण गरेका थिए। उनीहरूले विद्यालयमा लेखा व्यवस्थापनका आधुनिक प्रणाली, नयाँ करसम्बन्धी व्यवस्था तथा त्यसको व्यावहारिक प्रयोगका विषयमा सहभागी लेखापालहरूलाई जानकारी गराएका थिए। कार्यक्रममा प्रमुख अतिथि नेशनल प्याब्सनका केन्द्रीय वरिष्ठ उपाध्यक्ष याम खड्काले विद्यालयको लेखा प्रणालीलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउनुपर्नेमा जोड दिए । नेशनल प्याब्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीले आर्थिक कारोबारलाई व्यवस्थित बनाउन सूचना प्रविधिको प्रयोग, लेखा अभिलेखको उचित व्यवस्थापन तथा प्रचलित करसम्बन्धी कानुनी व्यवस्थाको पालना आवश्यक रहेको बताएका थिए । कार्यक्रमले विद्यालयको आर्थिक प्रशासनलाई थप व्यवस्थित बनाउन तथा लेखापालहरूको क्षमता अभिवृद्धिमा सहयोग पुग्ने विश्वास लिएको अधिकारीको भनाई थियो ।

# अन्नपूर्णको विपद् प्रभावित राहत कोषमा तमुधिँको तीन लाख सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, ७ भदौं

कास्कीको अन्नपूर्ण गाउँपालिकाले विपद्प्रभावितको राहत र पुनःस्थापनाका लागि सञ्चालनमा ल्याएको विपद् व्यवस्थापन कोषमा तमुधिँ नेपालले रु तीन लाख सहयोग गरेको छ । पोखरामा आइतबार आयोजित कार्यक्रममा तमुधिँका अध्यक्ष होमबहादुर गुरुङले सामाजिक उत्तरदायित्वअन्तर्गत सो रकमको चेक गाउँपालिकाका अध्यक्ष विष्णुबहादुर केसीलाई हस्तान्तरण गर्नुभयो ।

अध्यक्ष गुरुङले विपत्मा परेका नागरिकको सहयोग र क्षतिग्रस्त भौतिक संरचनाको पुनःनिर्माणका लागि सानो भए पनि सहयोग गरिएको बताउनुभयो । "अन्नपूर्ण यस वर्ष विपद्को मारमा परेको छ, जनजीवन अस्तव्यस्त छ । यस्तो अवस्थामा गाउँपालिकाले सार्वजनिक आह्वान गरेअनुसार सहयोग गरेका हौँ", अध्यक्ष गुरुङले भन्नुभयो । मोदी खोलाको बाढी र विभिन्न स्थानका पहिराका कारण यस वर्ष अन्नपूर्ण गाउँपालिका जिल्लामा धेरै प्रभावित बनेको छ । मोदीबाढीबाट अन्नपूर्ण गाउँपालिका-८, ९, १० र ११ प्रवेश गर्ने वीरेठाँटीदेखि नै सडक यातयात बन्द अवस्थामा छ । सडक बन्द हुँदा जनजीवन प्रभावित बनेको छ ।

गत असार र साउन महिनामा गाउँपालिका क्षेत्रमा आएको बाढी, पहिरो तथा अन्य विपद्जन्य घटनाबाट प्रभावित क्षेत्रको पुनर्निर्माण, पीडित परिवारको राहत, उद्धार तथा पुनःस्थापनाका लागि विपद् व्यवस्थापन कोष सञ्चालनमा ल्याइएको गाउँपालिका अध्यक्ष केसीले बताउनुभयो । उहाँले भन्नुभयो, "विपद्जन्य घटनाका कारण गाउँपालिकाभित्रका सडक, पुल, होटललगायत भौतिक संरचनामा ठूलो क्षति पुगेको छ । पालिका एक्लैको प्रयासले सम्भव नभएपछि विपद् व्यवस्थापनका लागि कोष बनाएर कठिन परिस्थितिमा प्रभावित परिवारको राहत, उद्धार र पुनःस्थापनाका लागि सबै व्यक्ति, सङ्घसंस्था तथा सरोकारवालालाई सहयोग गर्न अपिल गरेका छौँ", अध्यक्ष केसीले भन्नुभयो । गाउँपालिकाले प्राप्त सहयोग रकमलाई विपद् प्रभावित परिवारको राहत, उद्धार, पुनर्निर्माण तथा पुनःस्थापनाका कार्यमा प्राथमिकताका साथ परिचालन गर्ने जनाएको छ । अन्नपूर्णमा मोदी खोलाको बाढीले वीरेठाँटीमा पक्की कालोपत्र सडक बगाउँदा गाउँपालिकाका चार वडा सडक सम्पर्कबाट विच्छेद छन् । खोलाको कटानका कारण वीरेठाँटीमा करिब १०० मिटर कालोपत्र सडक बगाएको छ ।

विशेषगरी वीरेठाँटी क्षेत्र बढी प्रभावित भएको छ भने चिम्रुङ, हाइजुङलगायत आसपासका क्षेत्रमा पनि बाढीपहिरोले क्षति पुऱ्याएको गाउँपालिकाले जनाएको छ । बाढीले बढी क्षति गरेको वीरेठाँटी पर्यटकीय क्षेत्र घान्द्रुक, छुम्रुङ र अन्नपूर्ण आधार शिविर (एबिसी) जाने प्रमुख प्रवेशमार्ग हो । यसैगरी वीरेठाँटी हुँदै तिखेढुङ्गा, उल्लेरी भएर म्याग्दीको प्रसिद्ध घोडेपानी तथा पुनहिल जाने महत्वपूर्ण पर्यटकीय मार्गसमेत हो ।

**नागरिकमैत्री: सार्वजनिक सेवा**

- सेवाग्राहीप्रति सम्मान, शिष्टता र समान व्यवहार गरौं,
- छिटो, सरल, पारदर्शी र गुणस्तरीय सेवा प्रदान गरौं,
- सेवासम्बन्धी सूचना, प्रक्रिया र शुल्क स्पष्ट रूपमा उपलब्ध गराऔं,
- प्रविधिमैत्री तथा डिजिटल सेवाको प्रभावकारी उपयोग गरौं,
- सेवाग्राहीका गुनासा, सुझाव र प्रतिक्रियालाई सम्बोधन गरौं,
- सुशासन, इमानदारीता, जवाफदेहिता र उत्तरदायित्वलाई आत्मसात् गरौं,
- सार्वजनिक सेवालाई विश्वासयोग्य, पहुँचयोग्य र नागरिककेन्द्रित बनाऔं ।

सेवाग्राहीको सन्तुष्टि नै सार्वजनिक सेवाको सफलता हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सगरमाथा आरोहणसम्बन्त्री वृत्तचित्र 'रोड टु एभरेस्ट'को विशेष प्रदर्शन

**रासस**
काठमाडौं, ७ भदौं

सगरमाथा यात्राको साहस, सङ्घर्ष, सपना र बदलिँदो हिमाली वातावरणको कथा प्रस्तुत गर्ने नेपाली वृत्तचित्र 'रोड टु एभरेस्ट'को नेपाल प्रिमियर शो (विशेष प्रदर्शन) गरिएको छ ।

ठमेलस्थित छाया सेन्टरको क्युएफएक्स हलमा शनिबार आयोजना गरिएको प्रिमियर शोमा नेपालका विभिन्न क्षेत्रका विशिष्ट व्यक्तित्व, सञ्चारकर्मी, शिक्षाविद्, पर्यटन तथा पर्वतारोहण क्षेत्रका प्रतिनिधि, कलाकार तथा दर्शकको उपस्थिति थियो । वृत्तचित्रका तीन वटा विशेष शो आयोजना गरिएकामा एउटा काठमाडौँका विभिन्न विद्यालय तथा क्याम्पसका सञ्चालक, प्रधानाध्यापक तथा शैक्षिक क्षेत्रका प्रतिनिधिका लागि विशेष रूपमा छुट्याइएको वृत्तचित्र निर्देशक निर्मल श्रेष्ठले बताउनुभयो । उहाँका अनुसार कुनै पनि कृत्रिम वा कम्प्युटर सिर्जित दृश्य प्रयोग नगरिएको ५० मिनेट लामो यस वृत्तचित्रले समुद्री सतहबाट विश्वको सर्वोच्च शिखरसम्मको यात्रालाई केन्द्रमा राखेको छ ।

पर्वतारोहणका चुनौती, शेर्पा समुदायको योगदान र जलवायु परिवर्तनले हिमाली क्षेत्रमा पारिरहेको गम्भीर प्रभावलाई पनि यसले उजागर गरेको उहाँले बताउनुभयो । पचास वर्ष नाघेका राज गुरुङको सगरमाथा आरोहण यात्रालाई मुख्य कथावस्तु बनाएको यो चलचित्रले उमेर र सीमालाई चुनौती दिँदै सगरमाथा चढ्ने उहाँको सपना, सङ्घर्ष, आत्मविश्वास र सङ्कल्पलाई प्रस्तुत गरेको उहाँले जानकारी दिनुभयो । वृत्तचित्रमा कीर्तिमानी आरोही फुर्वा तेन्जिङ शेर्पा र निमा ग्याल्जेन शेर्पासहित विनोद गुरुङ, सुरज गुरुङ र निर्मल श्रेष्ठको प्रत्यक्ष सहभागिता रहेको निर्देशक श्रेष्ठले जानकारी दिनुभयो । वृत्तचित्रको लेखन सञ्चारकर्मी सन्तोष आचार्य र निर्देशक श्रेष्ठले गर्नुभएको हो । वृत्तचित्रका निर्देशक श्रेष्ठले सगरमाथालाई चिनाउनभन्दा पनि बुझाउन यो सामग्री निर्माण गरिएको बताउनुभयो । उहाँले भन्नुभयो, "सगरमाथा केबल एउटा हिमाल होइन । यो नेपाली साहस, सपना, सङ्घर्ष, पहिचान र भविष्यसँग जोडिएको हाम्रो गौरव हो । सगरमाथासम्बन्धी हाम्रो कथा सधैँ अरूमार्फत सुनिँदै आइएको थियो ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४६३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : बिसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने, महिनाबाडीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उतेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

एक टन सिद्धान्तको तुलनामा एक औंस कामको धेरै मूल्य हुन्छ । – फ्रेडरिक एंगेल्स

## सम्पादकीय

# अधिकार सुनिश्चित गर्न पर्यटन ऐनमा सुधार आवश्यक

नेपालको पहिचान र गौरवसँग जोडिएको सगरमाथा विश्वकै सर्वोच्च शिखर मात्र होइन, नेपालको पर्यटन विकासको महत्वपूर्ण आधार पनि हो । हरेक वर्ष हजारौँ पर्यटक र आरोही नेपाल आउने गरेका छन् । तर नेपालको पर्यटन क्षेत्रलाई विश्वमाझ चिनाउन आफ्नो जीवन जोखिममा राख्ने आरोही तथा माउन्टेन गाइडको सुरक्षा, अधिकार र सामाजिक संरक्षण अझै पर्याप्त हुन सकेको छैन ।

सगरमाथा आरोहणका क्रममा आरोही तथा गाइडले अत्यधिक चिसो, हिमपहिरो, प्रतिकूल मौसम र अन्य जोखिमको सामना गर्नुपर्छ। कतिपयले ज्यानसमेत गुमाएका छन्। यस्तो अवस्थामा उनीहरूको योगदानलाई केवल पर्यटन व्यवसायको एउटा हिस्साका रूपमा हेर्नु उचित हुँदैन। उनीहरूको सुरक्षा, सम्मान र भविष्य सुनिश्चित गर्नु राज्यको दायित्व हो ।

नेपालको पर्यटन ऐन, २०३५ अहिलेको आवश्यकतार बदलिँदो पर्यटन क्षेत्रअनुकूल बनाउनुपर्ने आवाज उठ्नु स्वाभाविक हो। पर्वतारोहण क्षेत्रमा आएको प्रविधिगत, व्यावसायिक र सामाजिक परिवर्तनलाई सम्बोधन गर्न कानुनमा आवश्यक सुधार गर्नुपर्छ। आरोही तथा गाइडको बीमा, स्वास्थ्य उपचार, दुर्घटनापछिको राहत र परिवारको सामाजिक सुरक्षालाई कानुनी रूपमा सुनिश्चित गर्न आवश्यक छ । विशेषगरी दुर्घटनामा परी ज्यान गुमाएका आरोहीका परिवारलाई राहत तथा उनीहरूका बालबालिकाका लागि शिक्षा र छात्रवृत्तिको व्यवस्था गर्न सरकारले विशेष ध्यान दिनुपर्छ। जोखिमपूर्ण काम गर्ने आरोही तथा गाइडका लागि छुट्टै कल्याणकारी कोष स्थापना गर्न सके यस क्षेत्रप्रति राज्यको जिम्मेवारी अझ स्पष्ट हुनेछ ।

पर्वतीय पर्यटन नेपालको अर्थतन्त्रको महत्वपूर्ण आधार बन्न सक्छ। तर पर्यटनको विकास केवल विदेशी पर्यटक भित्र्याउने र राजस्व बढाउने विषय मात्र होइन। पर्यटन क्षेत्रमा काम गर्ने श्रमिक, गाइड, आरोही र स्थानीय समुदायको हित पनि त्यससँग जोडिएको हुन्छ । उनीहरू सुरक्षित र सम्मानित भए मात्र नेपालको पर्वतीय पर्यटन दीर्घकालीन र दिगो बन्न सक्छ।

त्यसैले सरकारले सरोकारवाला संघ-संस्था, आरोही, गाइड तथा पर्यटन व्यवसायीसँग पर्याप्त छलफल गरी पर्यटन ऐनलाई समयसापेक्ष संशोधन गर्नुपर्छ। सगरमाथाको उचाइले नेपालको गौरव बढाएको छ भने त्यसको सफल आरोहण गराउने आरोही र गाइडको योगदानले नेपालको प्रतिष्ठा विश्वमाझ फैलाएको छ। उनीहरूको अधिकार र सुरक्षाको सुनिश्चितता गर्नु नै नेपालको पर्यटन क्षेत्रप्रतिको वास्तविक सम्मान हुनेछ ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | झमेला बढ्ने | तुला | अप्रत्यसित लाभ |
| वृष | स्वास्थ्यमा सुधार | वृश्चिक | शारीरिक झमेला |
| मिथुन | शुभ यात्रा | धनु | सत्कार मिल्नेछ |
| कर्कट | आर्थिक समस्या | मकर | मानसिक तनाव |
| सिंह | शत्रुको भय | कुम्भ | सहयोग मिल्नेछ |
| कन्या | कार्यमा सफलता | मीन | व्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# पर्वतमा अटोरिक्सा दुर्घटनामा हुँदा एकको मृत्यु

पोखरापत्र संवाददाता
पर्वत, ७ भदौ

पर्वतको फलेवास नगरपालिका-१० कुर्घामा अटोरिक्सा दुर्घटना हुँदा एकको मृत्यु भएको छ भने चार जना घाइते भएका छन् ।

महाशिला गाउँपालिकाको लुङ्खुदेउरालीबाट बिहादी गाउँपालिका-१ बाच्छातर्फ जाँदै गरेको धा१ह ६१ नम्बरको अटोरिक्सा आज दिउँसो फलेवास-१० कुर्घास्थित सडकबाट करिब १० मिटर तल खसेर दुर्घटना भएको हो । दुर्घटनामा परी अटोमा सवार बिहादी गाउँपालिका-१ बाच्छा देउरालीका ४९ वर्षीय प्रेमबहादुर विकको ज्यान गएको छ ।

दुर्घटनामा परी गम्भीर घाइते भएका विकलाई उपचारका लागि प्रदेश अस्पताल कुस्मा ल्याइएकोमा चिकित्सकले मृत घोषणा गरेका जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक राजनकुमार पटेलले जानकारी दिनुभयो । "दुर्घटनामा चार जना घाइते भएका छन् । बिहादी-१ की २४ वर्षीया कविता विकको दाहिने खुट्टामा चोट लागेको छ । उहाँको अवस्था मध्यम छ । पन्ध्र वर्षीया अञ्जली विकको दाहिने खुट्टामा भित्री चोट लागेको छ भने १३ वर्षीया दुर्गा विकको टाउकोमा भित्री चोट लागेको छ", उहाँले भन्नुभयो ।

अटो चालक फलेवास नगरपालिका-११ पङ्राङका ३६ वर्षीय मनबहादुर परियारको बायाँ ढाड र कुममा भित्री चोट लागेको प्रहरी निरीक्षक पटेलले बताउनुभयो । उहाँका अनुसार घाइते सबैको प्रदेश अस्पताल कुस्मामा उपचार भइरहेको छ ।

दुर्घटनाबारे थप अनुसन्धान भइरहेको जनाउँदै प्रहरी निरीक्षक पटेलले ओरालो बाटोमा ब्रेक नलागेकाले चालकले अटो नियन्त्रणमा लिन नसक्दा दुर्घटना भएको प्रारम्भिक जानकारी प्राप्त भएको बताउनुभयो ।

# भारतका केएस भरतले काठमाडौँबाट एनपिएल खेल्ने

रासस
काठमाडौँ, ७ भदौ

नेपाल प्रिमियर लिग (एनपिएल) टोली काठमाडौँ गोर्खाजले पहिलो विदेशी खेलाडीको रूपमा भारतका विकेटकिपर/ब्याटर केएस भरतलाई अनुबन्ध गरेको छ । काठमाडौँले तेस्रो संस्करणको एनपिएलका लागि उनलाई अनुबन्ध गरेको हो ।

भारतीय घरेलु क्रिकेटका अनुभवी खेलाडी भरतले आफ्नो देशका लागि सातवटा टेष्ट खेलेका छन् । उनले दिल्ली क्यापिटल्स र रोयल च्यालेन्जर्स बैंगलुरुबाट इण्डियन प्रिमियर लिग (आइपिएल) समेत खेलिसकेका छन् । उनले प्रथम श्रेणी क्रिकेटमा छ हजारभन्दा बढी रन बनाएका छन् । भरतले यही वर्षको जुन महिनामा अन्तरराष्ट्रिय क्रिकेटबाट सन्यास लिएका थिए । अनुभवी खेलाडी भरतको आगमनले टोली थप बलियो बनेको काठमाडौँ गोर्खाजले जनाएको छ । "भारतका अन्तरराष्ट्रिय खेलाडी केएस भरतले आफ्नो देशका लागि टेस्ट क्रिकेट खेलिसकेका छन् । विकेट पछाडि धैर्य र संयमका लागि परिचित भरतले टोलीमा अनुभव, विश्वासनीयता र सुरक्षित विकेट किपिङ ल्याउने छन्", काठमाडौँ गोर्खाजले उनलाई सार्वजनिक गर्दै सामाजिक सञ्जालमा लेखेको छ । एनपिएलको तेस्रो संस्करण आउँदो कात्तिक ९ गतेदेखि मङ्सिर ५ गतेसम्म काठमाडौँमा आयोजना हुने तय भएको छ ।


**नामथर र जन्म मिति फरक पर्न गएको सूचना**



पर्वत जिल्ला कुश्मा नगरपालिका वडा नं.-१४, बस्ने भारतीय भु.पु. सैनिक नं. 5442717RFN, P.P.P. No. S/C/14679/83, TS No. 47907, Unit 2/5 G.R. Jai Bahadur Gurung को श्रीमती मन कमुारी गुरुङको नेपाली नागरिकता प्रमाणपत्रमा नाभथर **मन कुरमारी गुरुङ**, जन्म मिति **वि.सं. २०११/०५/०५ (१९५४-०८-२१ ई.सं.)** उल्लेख तर श्रीमान्को भारतीय पेन्सन अभिलेखमा नामथर **मन कुमारी गुरुङ्सेनी (Man Kumari Gurungseni)**, जन्म मिति **१९५६-०८-१६ ई.सं.** उल्लेख भई नेपाली नागरिकता प्रमाणपत्र र श्रीमानको भारतीय पेन्सन अभिलेखमा नामथर, जन्म मिति फरक परेता पनि उल्लेखित फरक नामथर, जन्म मिति भएको व्यक्ति एउटै भएको भनी कुश्मा नगरपालिका १४ नं. वडा कार्यालय पर्वतको च.नं. ९०, मिति २०८३/०५/२४ को सिफारिस पत्रबाट लेखि आएकोले सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
बागलुङ

**एउटै व्यक्ति भएको सूचना**



गण्डकी प्रदेश बागलुङ जिल्ला ढोरपाटन नगरपालिका वडा नं. ७, साविक बोबाङ गा.वि.स. वडा नं ३ निवासी भारतिय सरकारको भुतपुर्व वि.एस.एफ नं. ८५५४४१००९ HC (Cook) मा ना.प्र.नं. १०८-१८२६ मन बहादुर पुन कुमाईको श्रीमती ना.प्र.नं. १८९४-५७८८ की फुर्की कुमाईको अभिलेखमा फर्की कुमाई भै फरक परेतापनि फुर्की कुमाई र फर्की कुमाई भन्ने व्यक्ति एउटै भएको साथै निज फुर्की कुमाईको नेपाली नागरिकताको प्रमाणपत्रमा पतिको नाम थर मान सिंह कुमाई भई नाम थरमा फरक परेको र मन बहादुर पुन कुमाई र मान सिंह कुमाई भन्ने व्यक्ति फरक फरक नभई एउटै भएको भनी ढोरपाटन नगरपालिका, ७ नं. वडा कार्यालय, बोबाङ, बागलुको च.नं ३३ मिति २०८३/०५/०२ को पत्रबाट पत्रबाट सिफारिस भई आएको तथा जिल्ला प्रहरी कार्यालय, बागलुङको च.नं. ४०२ मिति २०८३/०५/०१ को पत्रसाथ प्राप्त स्थलगत सर्जमिन मुचुल्काबाट लेखि आएकोले सोही व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ ।

**प्रमुख जिल्ला अधिकारी**

# सुनचाँदी व्यवसायलाई स्पष्ट नीति र सहज आपूर्ति आवश्यक : अध्यक्ष रसाईली

पोखरापत्र संवाददाता
पोखरा, ७ भदौ

सुनचाँदी व्यवसायलाई व्यवस्थित, मर्यादित र प्रतिस्पर्धी बनाउन स्पष्ट नीति तथा कार्यविधि निर्माणसँगै सुनको आपूर्ति प्रणालीलाई सहज, पारदर्शी र प्रभावकारी बनाउनुपर्नेमा व्यवसायीहरूले जोड दिएका छन् ।

नेपाल सुनचाँदी व्यवसायी महासंघ गण्डकी प्रदेशद्वारा शनिबार आयोजित छलफल तथा अन्तरक्रिया कार्यक्रममा सहभागी व्यवसायीहरूले व्यवसाय सञ्चालनका क्रममा देखिएका समस्या समाधानका लागि राज्य र व्यवसायीबीच प्रभावकारी समन्वय अपरिहार्य रहेको बताएका छन् ।

कार्यक्रममा सुनको आपूर्ति, कर तथा प्रशासनिक प्रक्रिया, सम्पत्ति शुद्धीकरणसम्बन्धी व्यवस्था, व्यावसायिक सुरक्षा, दक्ष कालिगढको अभाव, उपभोक्ता हितलगायतका विषयमा व्यवसायीहरूले आफ्ना समस्या, अनुभव र सुझाव प्रस्तुत गरेका थिए ।

कार्यक्रमका प्रमुख अतिथि



नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष अर्जुन रसाईलीले सुनचाँदी व्यवसायलाई व्यवस्थित बनाउन राज्यले व्यवसायको वास्तविक अवस्था र आवश्यकता बुझेर व्यवहारिक नीति निर्माण गर्नुपर्ने बताउनुभयो। उहाँले व्यवसायीका समस्या समाधानका लागि महासंघले सम्बन्धित निकायसँग निरन्तर समन्वय र पहल गर्दै आएको उल्लेख गर्दै राज्य र व्यवसायीबीच सहकार्य तथा विश्वासको वातावरण निर्माण हुनुपर्नेमा जोड दिनुभयो। कार्यक्रमका अध्यक्ष तथा नेपाल सुनचाँदी व्यवसायी महासंघ गण्डकी प्रदेशका अध्यक्ष चन्द्रकिशोर गौतमले प्रदेश तथा जिल्लास्तरमा व्यवसायीहरूले भोगिरहेका समस्याको पहिचान गरी सामूहिक पहलबाट समाधान खोज्नुपर्ने बताउनुभयो। जिल्लाबाट उठेका समस्यालाई प्रदेश हुँदै केन्द्रीय महासंघसम्म पुऱ्याई सम्बन्धित निकायसँग प्रभावकारी समन्वय गर्नुपर्ने उहाँको भनाइ थियो । कार्यक्रममा महासंघका सचिव निर्मल दियाली, केन्द्रीय सदस्य हिम बहादुर विश्वकर्मा, गण्डकी प्रदेशका पदाधिकारी, विभिन्न जिल्लाका सुनचाँदी व्यवसायी संघका अध्यक्ष, प्रतिनिधि तथा व्यवसायीहरूको उल्लेखनीय सहभागिता रहेको थियो । कार्यक्रममा ४१ जनाको प्रतिनिधिमूलक सहभागिता रहेको थियो ।

# बर्खायाम सकिएको झल्को दिने 'यार्तुङ' पर्व

पोखरापत्र संवाददाता
मुस्ताङ, ७ भदौ

मुस्ताङको बारागुङ मुक्तिक्षेत्र-१ खिङ्गामा बर्सेनि मनाइने यार्तुङ पर्व हर्षोल्लासका साथ सम्पन्न भएको छ । मुक्तिनाथ क्षेत्रका विभिन्न गाउँमध्ये पहिलो यार्तुङ पर्व मुस्ताङको खिङ्गा गाउँबाट सुरु गरिएको हो ।

बर्खायामलाई बिदाइ र हिउँदयामको मौसमलाई स्वागत गर्दै मुक्तिनाथ क्षेत्रका स्थानीयले बर्सेनि यार्तुङ पर्व मनाउने प्रचलन रहेको छ । शनिबार मुस्ताङको खिङ्गा गाउँबाट सुरु भएको यार्तुङ जनपूर्णिमाको दिनमा मुस्ताङको पुराङ रानीपौवा र झारकोट गाउँका स्थानीयले संयुक्त रुपमा यार्तुङ मनाउने गरिएको छ ।

यारको अर्थ बर्खा र तुङको अर्थ समाप्त भन्ने बुझिन्छ । स्थानीय भाषामा यार्तुङको शाब्दिक अर्थ बर्खायाम सकिएको र हिउँदयाम सुरु भएको जनाउँछ । खिङ्गा गाउँका स्थानीय छिरु गुरुङले यार्तुङ पर्वमा गाउँका पुरुष र महिला मिलेर संयुक्त रुपमा विभिन्न कार्यक्रम गरी यार्तुङ पर्व मनाउने गरिएको बताउनुभयो । स्थानीय गुरुङका अनुसार शनिबार भएको मुक्तिनाथ क्षेत्रको पहिलो यार्तुङमा खिङ्गा गाउँबासीले मुक्तिनाथ मन्दिरको दर्शन गरी यार्तुङ पर्व मनाएको जानकारी दिनुभयो। खिङ्गा गाउँबाट सुरु भएको मुक्तिनाथ क्षेत्रको यार्तुङ पर्वमा खिङ्गा गाउँका पुरुष र महिला टोलीहरु मौलिक वेषभूषामा चिटिक्क सजिएर गाउँको समाजघरमा जम्मा हुन्छन् । त्यसअघि गाउँका स्थानीय पुरुषहरुले घोडाचढीको तयारी र व्यवस्थापन गर्छन् । महिलाले मीठामीठा खानेकुराका परिकार बनाएर राख्छन् । बिहानको खाना संयुक्त रुपमा गाउँको समाजघरमै खानपान गरी पुरुष मौलिक पहिरनमा सजिएर घोडामा सवार हुन्छन् । घोडामा सवार पुरुषको अघिअघि महिलाले यार्तुङ पर्वसम्बन्धी स्थानीय भाषामा गीत गाउँदै मुक्तिनाथतर्फ उकालो उक्लिन्छन् । खिङ्गा गाउँबाट घोडामा सवार गरेका पुरुषको अघिअघि हुँदै महिला स्थानीय गीत गाउँदै झारकोट र पुराङ रानीपौवा हुँदै मुक्तिनाथ दर्शन गर्न पुग्छन् । मुक्तिनाथ मन्दिरमा दर्शन गरी खिङ्गा गाउँको यार्तुङ टोली मन्दिर नजिकै रहेको गुम्बामा पुगेर दर्शन गरी जलपान गर्छन । त्यहाँ स्थानीय गीत गाउँदै स्याब्रो नाच नाच्छन् । खिङ्गाबाट मुक्तिनाथ दर्शन गर्न पुगेको खिङ्गा गाउँको यार्तुङ टोली दिउँसो चार बजेपछि मात्रै पुन यार्तुङ पर्वसम्बन्धी गीत गाउँदै फेरि रानीपौवा बजारमा झर्छन् । मुक्तिनाथ रानीपौवामा खिङ्गा गाउँको यार्तुङ पर्व मनाउने आफ्नै भूमि रहेको छ ।

मुक्तिनाथ मन्दिरबाट फर्किएरपछि खिङ्गा गाउँका पुरुषहरुले रानीपौवा बजार क्षेत्रमा घोडा कुदाउँछन् । घोडाचढी कला प्रदर्शन गरेपछि साँझपख स्थानीय पुरुष र महिलाले संयुक्त रुपमा स्थानीय गीत गाउँदै स्याब्रो नाच देखाउँछन् । खिङ्गाबाट मुक्तिनाथ हुँदै रानीपौवा झरेर यार्तुङ पर्व मनाएका स्थानीय पुनः बेलुकापख पुरुष घोडामा सवार हुने र त्यसको अघिअघि महिलाहरु स्थानीय भाषाको गीत गाउँदै गाउँ फर्किन्छन् र खिङ्गा गाउँको यार्तुङ सकिन्छ । बारागुङ मुक्तिक्षेत्र-१ वडाध्यक्ष एवं खिङ्गा गाउँका स्थानीय प्रमेश गुरुङले यार्तुङ पर्व हिमाली संस्कृति र सभ्यता भएको बताउनुभयो । यार्तुङ पर्वले सदियौँ वर्षदेखि चल्दै आइरहेको घोडाचढी संस्कृतिको संरक्षण तथा पुस्तान्तरण गर्दै गाउँबासीमा एकता र आपसी भाइचारा अभिवृद्धि गर्ने सन्देश प्रवाह हुने गुरुङले बताउनुभयो ।

# म्याग्दीमा चार किलोमिटर पदमार्ग निर्माण

पोखरापत्र संवाददाता
म्याग्दी, ७ भदौ

एकिकृत सेवा कार्यालय म्याग्दीमार्फत आर्थिक वर्ष २०८२/८३ मा सञ्चालन भएका योजनाअन्तर्गत चार दशमलव १९ किलोमिटर पदमार्ग निर्माण भएको छ ।

गत वर्ष कार्यालयले सञ्चालन गरेका पर्यटन पूर्वाधार निर्माणसम्बन्धी २४ वटा योजनाका लागि रु एक करोड ४० लाख बजेट विनियोजन भएकामा रु एक करोड १० लाख बजेटका १९ वटा योजना सम्पन्न भएका हुन् ।

योजनामार्फत पर्यटकीयस्थलमा पक्की र कच्ची पदमार्ग, विश्रामस्थल, आश्रयस्थल, पर्खाललगायत पूर्वाधार निर्माण भएको कार्यालयका प्रमुख सम्झेर घर्ती क्षेत्रीले जानकारी दिनुभयो । "सबै योजना उपभोक्ता समितिमार्फत कार्यान्वयन भएका हुन्", उहाँले भन्नुभयो, "प्रतिकूल भूगोल, मौसम र अन्य कारणले रु ३० लाख बजेटका पाँच वटा योजना कार्यान्वयन भएनन् ।" पर्यटकीय पूर्वाधार बनेपछि पर्यटक, स्थानीयवासी र पर्यटक मजदुरलाई आवतजावतमा सहज भएको छ । मालिका गाउँपालिका-७ बिमको डाडागाउँमा ५२० मिटर पक्की पदमार्ग र धार्मिक स्थल प्रभुचेलामा तीन कोठे आश्रयस्थल भवन निर्माण भएको छ । मालिका-४ मा गौखेरेबाट मतौका चनौटे र वडा नम्बर ३ को लामखोरिया डाडागाउँ जोड्ने पदमार्ग निर्माण भएको छ । बेनी नगरपालिका-९ मा ढाडापधेरा आरोटा, पाखाथर, ८ को बराहपाखोमा पदमार्ग र १ को सनातन धार्मिक आश्रम र २ को लभ्लीहिलमा घेराबार निर्माण भएको छ । मङ्गला गाउँपालिका-४ को गम्फाधुरी र धवलागिरी गाउँपालिका-४ को खिवाङ-चेचुङ पदमार्ग निर्माण भएको छ । रघुगङ्गा गाउँपालिका-३ गलेश्वर देखि बगैचा, ५ र ६ को फुलडाडामा पदमार्ग तथा ३ को गायत्री मन्दिरमा सत्तल निर्माण भएको छ ।

अन्नपूर्ण गाउँपालिका-४ नारच्याङ झरना, ७ को टिकोटबाट सोबन्ध, १ मारका, ६ चित्रे हुँदै घान्द्रुक देउराली र ३ को फगाम-सुवा-दुवारी-मतिचौर जोड्ने पदमार्ग निर्माण भएको छ । चालु आर्थिक वर्ष २०८३/०८४ का लागि गण्डकी प्रदेश सरकारबाट २४ वटा योजनाका लागि रु एक करोड ८५ लाख बजेट प्राप्त भएको छ । बजेट बिनियोजन भएका योजनाको सर्वेक्षण, लागत अनुमान तयार र उपभोक्ता समिति गठन गरी कार्यान्वयन प्रक्रिया थालिएको कार्यालयका इन्जिनियर सुमन बोगटीले बताउनुभयो ।

# आँखैअघि मानसिंहको चारतले सपना ढलेपछि

**प्रतीक्षा आले**
गोरखा, ७ भदौं/रासस

साउन १८ गते सोमबार बिहान करिब ११:०० बजेको थियो । बिहानैदेखि अविरल वर्षा भइरहेको थियो । सदाझैँ मानसिंह गुरुङ र उनकी श्रीमती चित्रकुमारी बिहानको खाना खाइवरी आराम गर्दै थिए । दुईवर्षका नाति पनि थिए साथमा । बुहारी जागिरमा गएकी थिइन्, नातिनी विद्यालय । मानसिंहका छोरा आकाश भने मनकामनामा जागिरे छन् । उतै बस्थे ।

गोरखा नगरपालिका-९ लक्ष्मीबजारको दिवामार्गस्थित मानसिंहको घरमा एक्कासी चट् चट् केही चुँडिएको जस्तो आवाज आयो । उनीहरू झसङ्ग भए । केही सेकेन्डपछि फेरि पनि चट्चट् गर्दै झनै चर्को आवाज दोहोरियो । फटाफट बाहिर निस्कदा आँगन चिरिन र छापिएका ढुङ्गाहरू भत्कन थाले । दायाँबायाँका इट्टाका गाह्रोहरू उप्कन थाले । उनीहरू झनै आत्तिएर, सडकतिर दौडिए । यत्तिकैमा पोलबाट घरसम्म टाँगिएको बिजुलीको तार चुँडियो । हेर्दाहेर्दै आँखै अगाडि उनीहरूको चारतले सपना गर्ल्याम्म ढल्यो । "केही मिनटमै घर गर्ल्याम, गुर्लुम् ढल्यो । मैले त केही सोच्नै सकिनँ । होसै हराए जस्तो भयो", ५९ वर्षका मानसिंह गुरुङले भन्नुभयो ।

लक्ष्मीबजार मानसिंहको पुर्ख्यौली थलो होइन । शहिदलखन गाउँपालिका-१ ठूलो दिप्लिङबाट उहाँ यहाँ बसाइँ सरेर आउनुभएको हो । गुरुङ मात्र होइन, राम्रो शिक्षा, गुणस्तरीय स्वास्थ्य सुविधा र रोजगारीको अवसरको खोजीमा ठूलो दिप्लिङ, सानो दिप्लिङ, खान्चोक,बक्राङलगायतगाउँबस्तीका अधिकांश मानिस यहाँ घर बनाएर बसेका छन् ।

मानसिंहले दुःखसुख गरेर २०६६ सालतिर लक्ष्मीबजारमा घडेरी जोड्नुभएको हो । "अलिअलि कमाएपछि सबैलाई बजार बस्न मनलाग्दो रहेछ । हामी पनि छोराहरू पढाउँला, दुःखसुख गरेर खाउँला भनेर यहाँ आएका थियौँ', उहाँले भन्नुभयो ।

उहाँ प्रहरी सेवाबाट २०६० सालमा अवकाश लिएपछि वैदेशिक रोजगारीमा जानुभयो । राष्ट्रसेवक हुँदाको कमाइ र वैदेशिक रोजगारीको आम्दानी जोरजाम गरेर उनले लक्ष्मीबजारमा घरघडेरी जोड्नुभयो । मानसिंहले आफ्नो जीवनकालको सारा कमाई सहरमा बस्ने रहरका लागि खर्च गर्नुभयो, जुन रहर सोमबार उहाँको आँखा अगाडि ढल्यो । गुरुङले भूकम्पपछि २०७४ सालमा ७७ लाख रुपैयाँ खर्च गरेर लक्ष्मीबजारमा चारतले घर बनाउनुभएको थियो ।

मानसिंहले २०७४ सालमा सबै मापदण्ड पुर्‍याएर लक्ष्मीबजारमा घर बनाउनुभएको थियो । घर बनाएको १० वर्ष नबित्दै यसरी ढल्ला भन्ने उहाँले सपनामा समेत कल्पना गरेको विषय होइन । गत शनिबारदेखि परेको पानीले उनको घरबाट केही मिटर पर सडकमा चिरा भने देखिएको थियो । मानसिंहको घर जगबाटै ढलेको छ । घर ढलेर आडमा रहेको छिमेकी किसनदेवको घरमा पनि केही क्षति भएको छ । ढलेको उहाँको घर, हरेक दिन अलिअलि तल सरिरहेको छ । सोमबार मानसिंहको परिवारमा अकल्पनीय चोट आइपर्‍यो । घर ढलेको भिडियो फेसबुकमा देखेपछि मानसिंहका कान्छा छोरा 'आकाश' माथि दुःखको आकाश खस्यो । उहाँ मनकामनाबाट रन्थनिँदै घर दौडिनुभयो । "धन्न परिवारमा कसैलाई केही भएन, घर ढल्दा भाडामा बस्ने ठेकेदारभित्र परेछन् । धन्न उहाँलाई पनि केही भएन", गह्रुंगो मन गर्दै आकाशले भन्नुभयो । आफ्नो सपनाको महल ढल्दा उहाँको मनमा त अनेकन चोट परेको हुँदो हो । तर, उहाँ मानवीय क्षति भने नभएको भन्दै आफ्नो मन बुझाउँदै हुनुहुन्थ्यो ।

मानसिँहकी श्रीमती ५३ वर्षकी चित्रकुमारी भने घर ढलेको त्यो भयावह दृश्यबाट अझै बाहिर आउन सक्नुभएको छैन । दिनभर घर हेर्न, भेट्न र सहयोग गर्न आउने मान्छेहरूसँग मन भुलाउने उहाँलाई साँझ परेपछि भने पिर लाग्छ । सोमबारयता उनले आँखा झिमिक्क गरेकी छैनन् । "१७/ १८ वर्ष भयो यहाँ आको । धेरै वर्ष अरुकोमा भाडा गरेर बसियो । बल्लतल्ल दुःखसजिलो गरेर हामीले पनि आफ्नै घर ठड्याएका थियौँ', चित्रकुमारीले भन्नुभयो, "आज सोच्दै नसोचेको भयो, आँखैअघि घर लड्दा केही सोच्नै सकेको छैन । यस्तो दुःख कसैलाई नहोस् ।" अहिले मानसिंहको परिवार स्थानीय सन्तबहादुर गुरुङको घरमा आश्रित छ । सन्तबहादुरले उहाँहरूका लागि एउटा फ्ल्याट नै खाली गराइदिनुभएको छ । घर लडेपछि सेना, प्रहरी र स्थानीयहरू मिलेर घरभित्रका केही सरसामानहरू निकालिदिएका छन् । महत्वपूर्ण कागजातहरू, केही फर्निचर र लत्ताकपडा निकालेको मानसिंहले बताउनुभयो । चित्रकुमारीलाई भने कतिञ्जेल अरुकोमा आश्रित हुनुपर्ने होला भन्ने अन्योलताले पिरोलेको छ । बेलाबेलामा घर ढलेको एउटा नराम्रो सपना मात्र भैदिए हुन्थ्यो जस्तो लाग्छ उहाँलाई । "बुढा पनि अब ६० पुग्न लागे, जागिर खान पाउँदैनन् । म बुढी कहाँ जाने कमाउन ? कहाँ बस्ने, कसरी मुखहात जोड्ने भनेर पिर लाग्छ", उहाँले भन्नुभयो, "सहयोग भन्ने कुरा दुई/चार दिन त हो, त्यसपछि त आफैँले गर्नुपर्छ । सधैँभरि अरुको मुख ताकेर नि हुन्न । जीवनभरको कमाइ त्यही एउटा घर थियो, त्यो पनि गयो । हाम्रो त बाँच्ने आधार नै गयो ।"

राज्यले कल्भर्ट बनाउँदा लापरबाही गरेकै कारण आफूहरूको यस्तो दुरावस्था आएको उहाँले गुनासो गर्नुभयो । विकास निर्माणका क्रममा हुने यस्तो स-साना गल्तीहरूले कसैको जीवनमा ठूलो क्षति हुनसक्ने जीवन्त उदाहरण हो मानसिंहको घर । सानो लापरबाहीले गर्दा एउटा परिवार विस्थापित हुनुपर्ने अवस्था आएकाले राज्यले यसको जिम्मेवारी लिनुपर्ने मानसिंहको भनाइ छ । उनीहरूलाई गोरखा नगरपालिकाले तत्कालका लागि रु २५ हजार नगद सहयोग गरेको छ । गुरुङ परिवारको पुनर्वासको हकमा भने घर बनाउनका लागि जिल्ला विपद् व्यवस्थापन समितिमार्फत चार लाख रुपैयाँ उपलब्ध गराउन सकिने गोरखा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत एकदेव खनालले बताउनुभयो । यस विषयमा थप निर्णय गर्न भने बाँकी रहेको उहाँले जानकारी दिनुभयो ।

गोरखा नगरपालिका-९ का वडाध्यक्ष कुलबहादुर कुँवरले गुरुङ परिवारलाई ५० हजार नगद सहयोग गराउनुभएको छ । यस्तै, गुरुङ समाज, टोल विकास संस्था र अन्य सङ्घ संस्थाहरूले पनि मासिंहको परिवारलाई केही खाद्यान्न सहयोग गरेका छन् ।

# कलम सहकारीको रक्तदानमा १०७ युनिट रगत संकलन

**पोखरापत्र संवाददाता**
पोखरा, ७ भदौं



पोखराको पालिखेचोकस्थित कलम बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १७औं स्थापना दिवसका अवसरमा आयोजित १३औं खुला रक्तदान कार्यक्रममा एक सय सात युनिट रगत संकलन भएको छ ।

कलम सहकारी र पोखरा पुस्तक तथा स्टेशनरी व्यवसायी संघ कास्कीको संयुक्त आयोजनामा कार्यक्रम भएको हो।

कार्यक्रम उद्घाटन गर्दै नेपाल रेडक्रस सोसाइटी कास्कीका अध्यक्ष उर्मिला खड्का भण्डारीले रक्तदान मानव सेवाको महत्वपूर्ण माध्यम भएको बताइन् ।

उनले नियमित रक्तदानले आकस्मिक अवस्थामा आवश्यक पर्ने रगतको अभाव कम गर्न सहयोग पुग्ने भन्दै सामाजिक उत्तरदायित्वका रूपमा रक्तदानलाई निरन्तरता दिन आग्रह गरिन् ।

कार्यक्रमका अध्यक्ष तथा कलम सहकारीका अध्यक्ष मनोहरि सापकोटाले स्थापना दिवसलाई सामाजिक सेवासँग जोड्दै रक्तदान कार्यक्रमलाई निरन्तरता दिइएको बताए। सहकारीले वित्तीय कारोबारसँगै सामाजिक उत्तरदायित्व पूरा गर्न विभिन्न सामाजिक गतिविधि गर्दै आएको उनको भनाइ थियो । पोखरा पुस्तक तथा स्टेशनरी व्यवसायी संघका अध्यक्ष गोविन्द गौतमले व्यवसायी तथा सहकारी संस्थाले सामाजिक सेवाका क्षेत्रमा पनि सक्रिय भूमिका निर्वाह गर्नुपर्ने बताए । उनले रक्तदानजस्तो मानवीय सेवाको कार्यक्रममा संघसँग आबद्ध व्यवसायीको सहभागिता बढाउँदै लैजाने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा पोखरा पुस्तक तथा स्टेशनरी व्यवसायी संघ कास्कीका सल्लाहकार लक्ष्मीप्रसाद त्रिपाठी, संस्थाका सल्लाहकार एवं पोखरा पुस्तक तथा स्टेशनरी व्यवसायी संघका सल्लाहकार ज्ञानबहादुर कार्की, प्रादेशिक रक्तसञ्चार सेवाका इन्चार्ज अर्जुन ज्ञवाली, कलम सहकारीका पूर्वअध्यक्ष तथा सल्लाहकार अर्जुन पोखरेल, संस्थाका पूर्वअध्यक्ष तथा सल्लाहकार ऋषिराम शर्मा भण्डारीलगायतले रक्तदानको महत्व तथा सहकारीको सामाजिक भूमिकाबारे चर्चा गरेका थिए।

संस्थाका अध्यक्ष मनोहरि सापकोटाको अध्यक्षतामा भएको कार्यक्रममा कार्यक्रम संयोजक तथा सहकारीका उपाध्यक्ष रमेशराज बरालले स्वागत रसचिव लालप्रसाद पाठकले सञ्चालन गरेका थिए । प्रादेशिक रक्तसञ्चार सेवाको प्राविधिक सहयोगमा सम्पन्न कार्यक्रममा भ्याली टेक्निकल इन्स्टिच्युटका तर्फबाट उल्लेखनीय सहभागिता रहेको आयोजकले जनाएको छ ।

# कक्षाकोठा अभाव झेल्दै आएको सुकुर्दुङको विद्यालयमा थपिए १२ कोठा

**पोखरापत्र संवाददाता**
बागलुङ, ७ भदौं

कक्षाकोठा अभाव झेल्दै आएको ढोरपाटन नगरपालिका-९ सुकुर्दुङस्थित सरस्वती माध्यमिक विद्यालयमा १२ नयाँ कक्षाकोठा र आठवटा शौचालय निर्माण गरिएको छ ।

गोर्खा वेलफेयर ट्रस्ट नेपालले रु दुई करोड ६८ लाखको लागतमा आठ महिनामै सुविधा सम्पन्न भवन निर्माण गरेपछि विद्यालयको भौतिक पूर्वाधारमा सुधार भएको छ ।

नयाँ भवन निर्माण भएपछि लामो समयदेखि कक्षाकोठा अभावका कारण समस्या झेल्दै आएको विद्यालयमा पठनपाठन सहज भएको प्रधानाध्यापक थमप्रकाश जैसीले बताउनुभयो । दुर्गम क्षेत्रमा रहेको उक्त विद्यालयमा हाल ४३१ विद्यार्थी अध्ययनरत छन् ।

कक्षाकोठा अभाव हुँदा यसअघि एउटै कोठामा ६० जनासम्म विद्यार्थी राखेर अध्यापन गराउनुपर्ने अवस्था थियो । विद्यार्थी सङ्ख्या धेरै भएका कारण कक्षा पाँच, सात र आठलाई दुई-दुई समूहमा विभाजन गरी पठनपाठन सञ्चालन गर्नुपरेको थियो । पर्याप्त कक्षाकोठा नहुँदा टूसको छाप्रो र पक्की भवनको भऱ्याङमुनिसमेत कक्षा सञ्चालन गर्ने गरिएको प्रधानाध्यापक जैसीले बताउनुभयो ।

"बालविकासदेखि कक्षा १० सम्मका लागि ११ वटा कोठा आवश्यक थियो । तीनवटा कक्षामा विद्यार्थी धेरै भएपछि दुई समूहमा विभाजन गरेर टूसको छाप्रो र पक्की भवनको भऱ्याङमुनिसमेत पढाउने गरेका थियौं," उहाँले भन्नुभयो, "अहिले १२ नयाँ कक्षाकोठा र शौचालय थपिएपछि प्रयोगशाला, पुस्तकालयलगायतका लागि पनि पर्याप्त स्थान छ ।"नयाँ भवन निर्माणमा लगानी भएको उक्त रकममा दश प्रतिशत स्थानीयको श्रमदान पनि समावेश छ ।

# सामुदायिक विद्यालयका शिक्षकका लागि सूचना प्रविधि तालिम सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ७ भदौं



रोटरी क्लब अफ पोखरा लेकसाइड र रोटरी क्लब अफ काठमाडौँको संयुक्त आयोजना, बेसिक एजुकेसन एण्ड लिटरेसी ३२ ९२ को सहकार्य तथा शिक्षा विकास तथा समन्वय एकाइ, कास्कीको सहयोगमा पोखरामा सामुदायिक विद्यालयका शिक्षकहरुका लागि २ दिने सूचना प्रविधि तालिम सम्पन्न भएको छ ।

पोखरा महानगरपालिकाका विभिन्न १७ वटा सामुदायिक विद्यालयका १८ जना शिक्षकहरुको सहभागिता रहेको उक्त २ दिने तालिम कार्यक्रमको उद्घाटन गर्दै शिक्षा विकास तथा समन्वय एकाइ, कास्कीका प्रमुख लोकनाथ आचार्यले शिक्षण पेसा आफैमा अरुलाई सिकाउने पेसा भएकाले शिक्षकहरुले पनि निरन्तर सिक्न लागि पर्नुपर्ने कुरामा जोड दिए । उनले सक्ने इच्छा शक्ति भएमा त्यसलाई उमेर र अवसरले रोक्न नसक्ने बताए । उनले भने, "हामीले खाँदा जसरी स्वाद फेर्नुपर्छ त्यसरी नै हाम्रा विद्यार्थीहरुलाई सिक्दा पनि नयाँ स्वाद चाहिन्छ । त्यो नयाँ स्वाद दिने काम आइसिटीले गर्छ ।" पाठ्यक्रममा उल्लेखित विषयहरु नै पनि रोचक ढंगबाट पढाउँदा मात्रै विद्यार्थीले सिक्न सक्ने बताउँदै उनले कोभिड जस्तै महामारी भविष्यमा आइहाल्यो भने पनि सिकाई निरन्तर हुनुपर्ने र त्यसका लागि शिक्षणमा सुचना प्रविधिलाई एकिकृत गर्नु आजको आवश्यकता भएको बताए । शिक्षा तालिम केन्द्र गण्डकी प्रदेश तथा स्किल ब्रिज एकेडेमी, कास्कीका रोष्टर प्रशिक्षक केआर ढकालको सहजिकरणमा विन्दवासिनी माध्यमिक विद्यालय, पोखरा २, बरपाटनमा सम्पन्न तालिममा बोल्दै बेसिक एजुकेसन एण्ड लिटरेसी ३२९२ का क्षेत्रीय निर्देशक बाबुराम बरालले शिक्षा क्षेत्रलाई रोटरी क्लबले आफ्नो प्रमुख सहयोगको क्षेत्र बनाएको बताए ।

कार्यक्रमको समापनका अवसरमा बोल्दै आर आई डिस्ट्रिक्ट ३२९२ का आइपिडिजी बिनोद कोइरालाले यो युग नै आइटीको युग भएकाले अब कम्प्युटर सिकाउन कम्प्युटर पढेको शिक्षक कक्षामा जाने नभई हरेक शिक्षकले आफ्नो विषयवस्तुलाई कम्प्युटरको सहयोगमा पढाउनुपर्ने बताए । उक्त अवसरमा प्रशिक्षार्थीहरुलाई तालिम सम्पन्नताको प्रमाणपत्र प्रदान गरिनुका साथै स्टेशनरी सहितको शिक्षक व्याग समेत मायाको चिनो स्वरुप प्रदान गरिएको थियो ।

कार्यक्रमको व्यवस्थापक श्री विन्दवासिनी माध्यमिक विद्यालयका प्रधानाध्यापक बसन्तराज पाण्डे, प्रशिक्षार्थी श्री नवप्रभात मा वि का शिक्षक शान्ताराम लामिछाने र श्री जनप्रिय माविकी शिक्षक सुशीला गिरी लगायतले तालिमको महत्व, उपलब्धी र शिक्षणमा यसको प्रभावका विषयमा आफ्ना भनाईहरु राखेका थिए । रोटरी क्लब अफ पोखरा लेकसाइडका प्रेसिडेन्ड तोप बहादुर थापाको अक्षध्यतामा सम्पन्न कार्यक्रममा क्लबका कोषाध्यक्ष कुल प्रसाद सुवेदीले स्वागत र क्लबका सचिब आमोद कोइरालाले सञ्चालन गरेका थिए ।

# विपद्मा परेका पशुपन्छी व्यवसाय पुनःस्थापना

**पोखरापत्र संवाददाता**
बागलुङ, ७ भदौं

बागलुङमा प्राकृतिक प्रकोप तथा महामारीजन्य रोगबाट क्षति बेहोरेका १२ पशुपन्छी व्यवसाय पुनःस्थापना गरिएको छ ।

गत आर्थिक वर्षमा आएको बाढीपहिरो, पशुजन्य रोग तथा महामारीका कारण पूर्वाधार र पशुपन्छीमा भएको क्षतिको मूल्याङ्कन गरी भेटेरिनरी अस्पताल तथा पशु विज्ञ केन्द्र बागलुङले प्रभावित किसानलाई राहत उपलब्ध गराएको हो । कार्यालयले बाढीपहिरोबाट क्षति पुगेका आठ वटा पशु गोठ पुनःनिर्माण, दुई वटा गाई र एउटा गोरु खरिद, १० वटा बाख्रा, पाँचवटा बङ्गुर तथा १२० वटा कुखुराका चल्ला खरिदका लागि सहयोग गरेको केन्द्रका प्रमुख डा ऋषिराम सापकोटाले जानकारी दिनुभयो । प्राकृतिक प्रकोपका कारण गोठ तथा पशुमा क्षति पुगेपछि निराश भएका किसानलाई पुनःव्यवसायमा फर्काउने उद्देश्यले राहत उपलब्ध गराइएको उहाँले बताउनुभयो ।

प्राकृतिक प्रकोप, महामारी तथा अन्य विपद्बाट पशुपन्छी व्यवसायमा भएको क्षतिको राहत तथा पुनःस्थापनाका लागि रु चार लाख ७४ हजार खर्च गरिएको केन्द्रले जनाएको छ । गत आवमा राहत वितरणका लागि रु १० लाख विनियोजन गरिए पनि क्षतिको विवरण तथा मूल्याङ्कनका आधारमा १२ व्यवसायीलाई राहत उपलब्ध गराइएको डा सापकोटाले बताउनुभयो । जिल्लाका विभिन्न स्थानमा पहिरोमा परी तीन वटा गाई र दुई वटा गोरु मरेको अवस्थामा पशुको मूल्याङ्कनका आधारमा नयाँ पशु खरिदका लागि राहत उपलब्ध गराइएको केन्द्रले जनाएको छ । विपद्का कारण पशुपन्छी व्यवसायमा भएको क्षति न्यूनीकरणसँगै प्रभावित व्यवसायीलाई पुनःव्यवसायमा फर्काउन राहत तथा पुनःस्थापनाका कार्यक्रमले किसानको मनोबल बढाउन सहयोग पुगेको केन्द्रले जनाएको छ ।

## Vacancy Announcement

A newly established automotive parts and accessories manufacturing company based in Pokhara is seeking qualified technical manpower for the following positions:

**1. Position: Foreman (2 Vacancies)**

- **Skills:** Designing, knowledge of specifications and diagrams, proper machine setting and operating skills.
- **Experience:** Minimum 5 years in related fields.
- **Academic Qualification:** Diploma in Mechanical Engineering or higher.
- **Age:** Not above 50 years.
- **Salary & Benefits:** Based on skills and experience. No bar for deserving candidates.
- **Selection Method:** Skill test and interview.

**2. Position: Machine Operator (2 Vacancies)**

- **Skills:** Operating semi-automated and automated cutting, grinding, and punching machines.
- **Experience:** Minimum 5 years in related fields.
- **Academic Qualification:** Diploma in Mechanical Engineering.
- **Age:** Not above 50 years.
- **Salary & Benefits:** Based on skills and experience. No bar for deserving candidates.
- **Selection Method:** Skill test and interview.

**3. Position: Helper (4 Vacancies)**

- **Skills:** Handling machines and tools, packing, and housekeeping.
- **Experience:** 2–3 years in related fields.
- **Academic Qualification:** +2 (Intermediate level).
- **Age:** Not above 50 years.
- **Salary & Benefits:** Based on skills and experience. No bar for deserving candidates.
- **Selection Method:** Skill test and interview.

**Application Process:**
Deserving candidates may apply within seven days from the date of publication of this notice. Please send your Curriculum Vitae (CV) to the following email address:

**Email:** bishwasgoyal1@gmail.com